प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

नेपालगंज, बाँके

प .सं.:- २०७७/०७८
च .नं.:-

---

विषय :- आ.व. २०७७/०७८ को लागि सूचीकृत गर्ने सम्बन्धमा ।

**( प्रथम पटक प्रकाशित मिति २०७७/०४/३० गते )**

यस कार्यालयलाई आ.व.२०७७/०७८ का लागी आवश्यक पर्ने निम्मानुसारको सामानहरु पटक पटक गरी खरिद गर्नु पर्ने तथा सेवा लिनु पर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त संस्था, व्यक्ति, फर्म र परार्मशदाता आदिबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम मौजुदा सूची ( Standing List) दर्ता गर्नको लागि यो सूचना प्रथम पटक प्रकाशित भएकोले सूची दर्ता गर्न यस कार्यालयको आर्थिक प्रशासन शाखामा आफूले गर्न चाहेको कार्यको लागि आवश्यक सबै प्रमाणपत्रका साथ छुट्टा छुट्टै निवदेन पेश गर्न हुनु यो सचूना प्रकाशित गरिएको छ । आवेदकलाई सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ । थप कुरा बुझ्नुपरेमा कार्यालय समयमा यस कार्यालयको फोन नं. ०८१-५५०२८१ मा सम्पर्क राखी बुझ्न सक्नुहुनेछ ।

कार्यहरु:-

(१.) मालसामानहरु खरिद तथा आपूर्ति कार्य :- मसलन्द सामाग्रीहरु, कम्प्युटर, प्रिन्टर, युपीएस, ईन्भर्टर, ब्याट्री, फोटोकपी मेसिन आदी ईलेक्ट्रोनिक्स एण्ड ईलेक्ट्रिकल सामाग्रीहरु, फर्निचर, फिक्चर्स तथा फर्निसिङ्ग, मेसनरी औजार, सवारी साधन, निर्माण सामाग्रीहरु, सवारी साधनका पार्टपुर्जा, प्याकेजिङ्ग सामानहरु, ईन्धन ( डिजल, पेट्रोल, मोविल, मट्टितेल आदी ) र सीपमूलक तालिम संचालन गर्न प्रयोग हुने कच्चा पदार्थ र अन्य मालसामानहरु ।

(२.) छपाई सम्बन्धी कार्य :- विभिन्न फारमहरु, विज्ञापन, पत्रपत्रिका, बुकलेट, ब्रोसर, खाम, रजिष्टर, ब्यान र होडिङ्गबोर्ड आदी ।

(३.) निर्माण कार्य :- सार्वजनिक तथा पूँजिगत सुधार सम्बन्धी कार्य ( सम्पूर्ण सिभिल कार्य ) ।

(४.) मर्मत सम्भार कार्य :- सवारी साधन, मोटर तथा मोटरसाईकल, कम्प्युटर, प्रिन्टर, युपीएस, ईन्भर्टर, ब्याट्री, फोटोकपी मेसिन आदी ईलेक्ट्रोनिक्स एण्ड ईलेक्ट्रिकल सामाग्रीहरु, फर्निचर, फिक्चर्स तथा फर्निसिङ्ग, सीपमूलक तालिम संचालन गर्न प्रयोग मेसिनरी औजारहरु ।

(५.) परामर्श तथा सेवा तर्फ :- सफ्टवेर, वेभसाईड निर्माण, तालिम, गोष्ठी, सेमिनार संचालन तथा व्यवस्थापन, कुरियर सेवा, ईलेक्ट्रोनिक्स एण्ड ईलेक्ट्रिकल मर्मत सम्भार कार्य, सूचना विज्ञापन प्रकाशन तथा प्रशारण र डकुमेन्ट्री सम्बन्धी कार्य, अन्य सेवा/विविध क्षेत्रमा कार्यरत गैर सरकारी संघ संस्थाहरु ।

(६.) अन्य कार्य :- माथी उल्लेख बाहेक अन्य कार्यालय संचालनसँग सम्बन्धीत सेवा तथा वस्तुहरुको आपूर्ति सम्बन्धी कार्य ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :-

- सम्बन्धित कार्य गर्न पाउने ईजाजतपत्र वा फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
- स्थायी लेखा नम्बर/मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
- आ.व. २०७५/०७६ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
- निवेदन ( प्रत्येक विषका लागि छुट्टाछुट्टै )

राम करन पाल
कार्यालय प्रमुख

प्रदेश सरकार

प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

नेपालगंज, बाँके

प.सं. :- २०७७/०७८

च.नं. :-

## गैर सरकारी संघ संस्था सूचीकृत हुन आउने बारे सूचना !!!

**( प्रथम पटक प्रकाशित मिति २०७७/०४/३० गते )**

प्रस्तुत विषयमा सामाजिक विकास डिभिजन कार्यालय, प्रदेश नं. ५, बाँकेबाट संचालन गरिने महिला तथा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, शिक्षा, श्रम तथा रोजगार, खेलकुद, सीमान्तकृत तथा लोपोन्मुख लागतका अन्य क्षेत्रमा अध्ययन, अनुसन्धान, योजना, तालिम, सीप तथा क्षमता विकास, संशक्तिकरण लैङ्गिक हिंसा निवारण मानव पिडित प्रभावितहरुको संरक्षण र पुनर्स्थापना लगायत विविध सामाजिक क्षेत्रमा काम गर्ने संघ संस्थाहरु सूचीकृत हुन तपिसल बमोजिमका कागजात सहित यस कार्यालयको सम्बन्धीत शाखामा सम्पर्क राख्नु हुन यो सूचना प्रकाशन गरिएको छ । साथै यस कार्यालयमा सूचीकृत नभएका संस्थाहरुसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने यो कार्यालय बाध्य नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको व्यहोरा अनुरोध गरिन्छ ।

सूचीकृत गर्नको लागि आवश्यक कागजातहरु :-

- संस्थाको आधिकारिक पत्र ।
- संस्था दर्ता प्रमाणपत्र प्रमाणित प्रतिलिपी ।
- आ.व.२०७५/०७६ को लेखापरिक्षण प्रतिवेदन र सामाजिक परीक्षणको प्रमाणित प्रतिलिपी ।
- आ.व.२०७५/०७६ को करचुक्ता प्रमाणपत्र प्रमाणित प्रतिलिपी ।
- संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपी ।
- संस्थाको विधान प्रमाणित प्रतिलिपी ।
- कल्याण परिषदमा आवद्धताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
- बाँके र बर्दिया जिल्ला भन्दा बाहिरका कुनै जिल्लामा दर्ता भई बाँके र बर्दिया जिल्लामा कार्यक्षेत्र नभएका संस्थाको हकमा बाँके जिल्लाको जिल्ला प्रशासन कार्यालयको अनुमति वा स्विकृती पत्र पेश गर्नु पर्ने छ ।
- संस्थाको प्रोफाईल ।

राम करन पात्र
कार्यालय प्रमुख

✉ vsdtcbanke@gmail.com, ☎ 081-550281